महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
डोरमुकाम अर्घाखाँची
अछ्रावे

Phone : 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

प.सं. :- २०७५/०७६
च.नं. :- ८५

मिति :- २०७५/०६/१३

विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।

श्री कार्यालय प्रमुखज्यू,
छत्रदेव गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
छत्रगञ्ज, अर्घाखाँची ।

लेखापरीक्षण ऐन, २०४८ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७४।७५ को विनियोजन/राजस्व/धरौटी/अन्य कारोवारको आर्थिक विवरण तथा सोसँग सम्बन्धितकागजपत्र र विवरण परीक्षण गरी मिति २०७५।६।९ मा छलफल पश्चात् तयार गरिएको पाना (१० को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्वन्धमा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १९(१) बमोजिम ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फछ्र्यौट गरी सम्परीक्षण नगराएमा ऐनको दफा १९(३) बमोजिम कारवाहीका लागि लेखाउत्तरदायी अधिकृतलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

भवदीय,

(ताराकुमार सुवेदी)
निर्देशक

बोधार्थ तथाकार्यार्थः
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार,काठमाडौं :- प्रतिवेदन संलग्न छ ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
अर्घाखांची :- प्रतिवेदन संलग्न छ ।

Scanned by CamScanner

आर्थिक कारोबारको स्थिति

कार्यालय र स्थान: छत्रदेव गाउँपालिकाको कार्यालय, अर्घाखाँची
आर्थिक वर्ष:२०७४।७५

	नाम	कार्यरत अवधि		वेरुजू रकम
		देखि	सम्म	
कार्यालय प्रमुख:	प्र.प्र.अ.श्री रामजी जोशी	२०७४.४.१	२०७४.५.११	
	नि.प्र.प्र.अ.श्री कृष्णप्रसाद पन्थी	२०७४.५.२८	२०७४.६.२२	
	प्र.प्र.अ.श्री भेषराज पन्थ	२०७४.६.२२	२०७५.३.३१	
लेखाप्रमुख:	स.ले.पा.श्री हिरासिंह वोहरा	२०७४.४.१	२०७४.५.२८	
	स.ले.पा.श्री रामचन्द्र पन्थी	२०७४.५.२९	२०७५.३.३१	

विनियोजनतर्फ:

वजेट उपशीर्षक	वार्षिक बजेट	निकासा	खर्च	पेस्की
८०१६६४३	३०५४१८०००.००	२९६७९३१५२.००	२८६६३८८९२.७०	०
३६५८४५	४२९०००.००	३०७१९०.००	३०७१९०.००	०
३६५८२१४	१४१२०००.००	१४१२०००.००	१४१२०००.००	०
३६५८१९४	६००००००.००	६००००००.००	६००००००.००	०
३६५८१९३	११९६०००.००	११३२५००.००	११३२५००.००	०
३६५०१५३	६३९३६०००.००	६२९२८२००.००	६२४२६२००.००	०
जम्मा रु.	**३७२९९१०००.००**	**३६३१७३०४२.००**	**३५२५१६७८२.७०**	**०**

राजस्वतर्फ:

क्र.सं.	शीर्षक नं.	लगतहसवली समेत रु.	असुली रु.	दाखिला रु.	बाँकी रु.	
१	०	०	०	०	०	

धरौटीतर्फ:

गतवर्षको जिम्मेवारी रु.	यस वर्षको आम्दानी रु.	जम्मा रु.	फिर्ता रु.	सदरस्याहा रु.	बाँकी रु.	कैफियत
०	०	०	००	०	०	

कार्यसञ्चालनकोषतर्फ:

गतवर्षको जिम्मेवारी	यस वर्षको आम्दानी	जम्मा	खर्च	बाँकी
०	०	०	०	०

Scanned by CamScanner

स्थानीय संचित कोष स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम छत्रदेव गाउँपालीकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालन भएका आयव्यय हिसाबको आर्थिक वर्ष २०७४।०७५ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

सि.नं.	आयतर्फ		सि.नं.	व्ययतर्फ	
	विवरण	रकम		विवरण	रकम
१	गत वर्षको जिम्मेवारी		१	चालु खर्च	२३९२५७८७१।३०
	क) नगद		२	पूँजीगत खर्च	१२३९४४३०७२५
	ख) बैंक	२५९११९६।२८	३	वित्तीय व्यवस्था भुक्तानी	
२	राजस्व (आन्तरिक आय)			क) ऋण भुक्तानी	
	क) आन्तरिक राजस्व	२५८१९०६।६४		ख) व्याज भुक्तानी	
	ख) राजस्व बाँडफाँड			ग) अन्य भुक्तानी	
	ग) अन्य आय		४	लगानी	
३	वित्तीय हस्तान्तरण			ऋण लगानी	
	क)वित्तीय समानीकरण अनुदान	१५८५८४०००।००		शेयर लगानी	
	ख) सशर्त अनुदान	१४६८३४०००।००		अन्य लगानी	
	ग) समपूरक अनुदान		५	धरौटी फिर्ता	९००००।००
	घ) विशेष अनुदान		६	कोष खर्च	
४	प्रदेश सरकारबाट प्राप्त अनुदान		७	मौज्दात	
	क)वित्तीय समानीकरण अनुदान			क) नगद मौज्दात	२६२०२०।८२
	ख) सशर्त अनुदान			ख) वैंक मौज्दात	१५४०२६६८।५५
	ग) समपूरक अनुदान				
	घ) विशेष अनुदान				
५	अन्तर स्थानीय तहबाट प्राप्त				
६	वित्तीय व्यवस्था प्राप्ति				
	क) ऋण प्राप्ति				
	ख) साँवा प्राप्ति				
	ग) व्याज प्राप्ति				
	घ) अन्य प्राप्ति				
६	विभिन्न कोषतर्फको आय				
८	जनसहभागिता (नगद)				
९	विषयगत निकायबाट प्राप्त रकम	६६०५९७००।००			
१०	धरौटी आय	२३०६९६५।००			
११	लगानीको साँवा फिर्ता				
१२	अन्य विविध आय				
	जम्मा	३७८९५७८५७९२		जम्मा	३७८९५७८५७९२

Scanned by CamScanner

लेखापरीक्षणको प्रारम्भिकप्रतिवेदन

छत्रदेवगाउँपालिकाको कार्यालय, अर्घाखाँची, आर्थिक वर्ष:२०७४।७५

दफा नं.	भौ.नं., मिति र व्यहोरा	वेरुजू रकम	फछ्र्यौटको विवरण
	यस कार्यालयको आर्थिक वर्ष २०७४।७५ को लेखा र सो सम्वन्धी कारोवारको महालेखापरीक्षकको वार्षिक कार्यक्रम २०७५, समष्टीगत लेखापरीक्षण योजना, इकाईगत लेखापरीक्षण योजना, कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली, आन्तरीक लेखापरीक्षण र लेखापरीक्षण सम्वन्धी नीतितथा मानदण्ड समेतका आधारमा जोखिममा आधारित रही सम्पन्न गरी देखिएका व्यहोरा उपर कार्यालय प्रमुख र लेखाप्रमुख र जिम्मेवार पदाधिकारी समेतको उपस्थितिमा मिति२०७५।६।९.मा छलफल सम्पन्न भएको छ। लेखापरीक्षण वाट देखिएका व्यहोराहरु यस प्रकार छन्। लेखापरीक्षणको क्रममा विद्यालयलाई वढी निकासा दिएको र सामाजिक सुरक्षा भत्ता पेश्की फछ्र्यौट भई फिर्ता भएको समेत जम्मा रु.११,१९,५२२/– असुली भै वेरुजू खातामा दाखिला भएको छ।		
१	**खर्च गर्ने अख्तियारी र कार्यविधि-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ। प्रमुख प्रशासकीय अधिकृतले १५ दिनभित्र वडा सचिवलाई कार्यक्रम र वजेट सहित प्रचलित कानून वमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ। गाउँ प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई २०७४।७।१५ मा अख्तियारी प्रदान गरेको छ।		
२	**वजेट पेश गर्ने तथा पारित गर्ने-** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ। आय-व्ययको अनुमानका साथ गतवर्षको वास्तविक आयव्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय-व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिनभित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारित गर्नुपर्ने व्यवस्था छ। निर्वाचित जनप्रतिनिधिहरु नै आषाढ २० गते मात्र वहाली भएकोले समयमा हुन नसकेको गाउँ पालिकाको भनाई रहेको छ।		
३	**आन्तरिक नियन्त्रण प्रणाली-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी , नियमितता र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रर्णालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रर्णाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने		

Scanned by CamScanner

दफा नं.	भौ.नं., मिति र व्यहोरा	वेरुजू रकम	फछर्यौटको विवरण
	व्यवस्था छ। सो सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन्। (क) कार्यालयमा कार्यरत सबै कर्मचारीहरुको कार्य जिम्मेवारी सहितको कार्य विवरण तयार गरी लागू गरेको पाइएन। (ख) गतविगतका सम्पूर्ण वेरुजू फछर्यौट गर्ने गरी आन्तरिक रणनीति तयार गरी कार्यान्वयनमा ल्याएको पाइएन। (ग) जिन्सी निरीक्षण गरी प्रतिवेदन तयार गरेको छ।		
४	**श्रोत अनुमान तथा वजेट सिमा-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम नगर पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व वाँडफाँडवाट प्राप्तहुने रकम, अनुदान,ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा, वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा. निर्वाचित जनप्रतिनिधिहरु नै आषाढ २० गते मात्र वहाली भएकोले समयमा हुन नसकेको गाउँ पालिकाको भनाई रहेको छ।		
५	**वजेट तथा कार्यक्रम तर्जुमा-** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरि आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादाम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ। सो अनुसार पालिकाले कार्यक्रम, कार्यक्रमको दोहोरोपना, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्र गत कार्यक्रम आपसि तादाम्यता रहने गरि वजेट तथा कार्यक्रम तर्जुमा गर्नु पर्दछ।		
६	**आन्तरिक ऋण-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६८ वमोजिम नगरपालिकाले वित्त आयोगको सिफारिसमा सम्वन्धित सभावाट स्वीकृत गरी उत्पादनशिल, रोजगारमुलक, आन्तरिक आयवृद्धि तथा पूँजीगत कार्यका लागि आन्तरिक ऋण लिन सक्ने व्यवस्था छ। गाउँ पालिकाले यो वर्ष ऋण लिएको.छैन।		
७	**स्थानीय तथ्यांक र अभिलेख-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ वमोजिम गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले स्थानीय तथ्यांक सम्वन्धि नीति, कानून र सोको मापदण्ड वनाएको छैन। स्थानीयतहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांङ्कले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ। तथ्याङ्क वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ गाउँ पालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी देखिन्छ।		

Scanned by CamScanner

छत्रदेवगाउँपालिकाको कार्यालय, अर्घाखाँची,

आर्थिक वर्ष:२०७४।७५

दफा नं.	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम	फछर्यौटको विवरण
८	**लक्ष्य प्रगतिको स्थिति-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । पालिकाले सञ्चालन गरेका पालिका स्तरिय तथा केन्द्रिय स्तरिय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण तयार गरेको देखिएन ।		
९	**संचालित कार्यक्रम/योजनाहरुको अभिलेख सम्बन्धमा-** पालिका अनुदान कार्यक्रम खर्च अर्न्तगत बालबालीका, महिला, आदिवासी, जनजाती, स्वास्थ्य, शिक्षा, कृषि लगाएत भौतिक निर्माण तर्फ २०० भन्दा बढि कार्यक्रम संचालन भएको पाइयो । तथापि यी संचालित कार्यक्रमकहरुको अभिलेख राखेको तर लागत अनुमान,कार्य संपन्न भएको अवधि, कार्य संपन्न हुदा भएको खर्च लागत साझेदारी अवस्था समेत आदि देखिने गरी अभिलेख अद्यावधिक गर्ने तर्फ ध्यान दिनु पर्छ ।		
१०	**खर्चको अनुमोदन-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताका कामको प्राविधिक मूल्याङ्कन, बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेस गर्नुपर्ने उल्लेख छ । उपनियम (७) मा प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने समेत व्यवस्था छ । पालिका अन्तर्गत सञ्चालित विभिन्न योजनाहरुको काम गरि उपभोक्ता समिति भुक्तानी गरेको पाइयो । समितिले बिल भुक्तानीको लागि निवेदनसाथ सम्झौता अनुसार काम सम्पन्न गरेको व्यहोरा मात्र उल्लेख गरी समितिको निर्णयका साथै खर्चको सार्वजनिक परीक्षण गर्ने गरेको छ ।		
११	सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्य वा सेवाको काम दिदा उपनियम (३) को खण्ड (ख) बमोजिमको लागत अनुमान मा रहेको मु.अ.कर रकम कट्टा गरि भुक्तानी दिनु पर्ने व्यवस्था रहेको छ । ९० वटा बाटो निर्माण जस्ता कार्यमा निर्माण व्यवसायीको बील राखि एक्साभेटर, डोजर जस्ता हेभी मेशिन प्रयोग गरिको भनि उपभोक्ता समिति लाई रु ३८८०८९.९। भुक्तानीमा मुल्य अभिवृद्धि कर समेत रु.४,९४,१६२।९६ भुक्तानी भएको छ । भुक्तानी गर्दा निर्माण व्यवसायी को बील रकम मा १० प्रतिशत भाडाकर कट्टा गरको समेत पाइएको छ । यस सम्बन्धमा उपभोक्ता समितिलाई दिएको काम मा उपभोक्ता समितिले निर्माण व्यवसायी मार्फत कार्य गराई सोही बील राखी भुक्तानी दिनु उपयुक्त देखिएन ।		
१२	**बैंक हिसाब-** वित्तिय विवरणले पालिकाको श्रेस्ता हिसाव र बैंक हिसाव एक आपसमा भिडान गर्नुपर्ने व्यवस्था छ । पालिकाको यसवर्षको आम्दानी रु.३७,९४,८१,५३०/९२ र खर्च रु.३६,३२,९२,२६८/५५ भई बैंक मौज्दात रु.१,५९,०७,४३३/१६ र नगद मौज्दात रु.२,८४,५९३।८२ रहेको छ । बैंकमा रु.२,७६४।६१ बढी देखिन्छ ।		

Scanned by CamScanner

दफा नं.	भौ.नं., मिति र व्यहोरा	वेरुजू रकम	फछर्यौटको विवरण
१३	**चौमासिक खर्च-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजि स्विकृत भएको कार्यक्रममा नियम २५ वमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार कुल पुजिगत खर्च रु १२,५१,१८,०००/– प्रथम चौमासिकमा ०.३६ प्रतिशत, दोश्रो चौमासिकमा ३.१७ प्रतिशत र तेश्रो चौमासिकमा ९५.२३ प्रतिशत खर्च गरेको आषाढ मा ५६.२४ प्रतिशत खर्च देखिएको छ । अन्तिमा चौमासिकमा मात्र ९.५.२३ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन जसले गर्दा सम्पादित कामको गुणस्तरीयता, विश्वसनियता र दिगोपना समेत कायम हुन नसक्ने हुदा पालिकाले सो तर्फ ध्यान दिनुपर्दछ ।		
१४	**कर्मचारी व्यवस्था-** निजामती सेवा ऐन, २०४९. वमोजिम कर्मचारी पदपुर्ति व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकामा कर्मचारी दरवन्दी ५२ रहे पनि पदपूर्ति १९ मात्र रहेको देखियो । ५ अधिकृत सहित ३३ पद रिक्त रहेका छन । ६ जना करारमा राखि कार्य संचालन गरिएको छ । दरवन्दी अनुसारको पदपूर्तिका लागि तालुक निकायले ध्यान दिनु पर्ने देखिन्छ ।		
१५	**एकीकृत विवरण-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ वमोजिम प्रत्येक आर्थिक वर्ष मा आय व्ययको एकिकृत लेखा वनाई पेशगर्नुपर्ने व्यवस्था छ ।कार्यालयले तयार गरेको एकिकृत आर्थिक विवरणमा सवै विषयगत क्षेत्रको कारोवार अलग अलग देखिने गरि प्रस्तुत गरेको देखिएन । सवै कारोवार समेटी कार्यालयको वैंक हिसाव विवरण तयार गरिनुपर्दछ ।		
१६	**वित्तीय जवाफदेहिता पालना-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिँदा वा खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको दृष्टिकोणले आम्दानी, खर्च, लेखा र त्यसको जिन्सी, नगद मौज्दात तथा आर्थिक कारोवार सम्वन्धी व्यवस्था र नियम पर्याप्त छन् र तिनीहरुको पालना गरिएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने उल्लेख छ । नगद वा जिन्सी तथा अन्य सरकारी सम्पत्तिसमेतको हानी नोक्सानी र दुरुपयोग हुन नपाउने गरि आन्तरिक नियन्त्रण व्यवस्थालाई प्रभावकारी वनाउने साथै स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७७ ले गरेको व्यवस्था अनुसार समेत स्थानीय तहले आन्तरिक लेखापरीक्षण समेत गराउनु पर्नेमा गाउँपालिकाले आन्तरिक लेखापरीक्षण गराएको पाइएन ।		
१७	**राजश्व अभिलेख-** आर्थिक कार्यविधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । स्थानीय तहहरुवाट लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको छैन । यसवाट स्थानीय तहको वास्तविक राजस्व असुली र दाखिला एकिन हुन		

Scanned by CamScanner

दफा नं.	भौ.नं., मिति र व्यहोरा	वेरुजू रकम	फछ्र्यौटको विवरण
	सकेन । वर्तमान स्थानीय तहवाट समेत यसमा विशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ।		
१८	**सम्पत्ति हस्तान्तरण-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७,९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिकास्वतः हस्तान्तरण हुने व्यवस्था छ । साविकका गाउ विकास समितिमा रहेका मालसमानहरु हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सम्पत्तिको अभिलेख तथा मूल्यवान जिन्सी सामानहरु हराउने, हिनामिना नहुने गरी मालसामानहरुको प्रकृति अनुसार सम्वन्धित जिन्सी अभिलेख अद्यावधिक गर्नुपर्दछ।		
१९	**बरबुझारथ-** सघीय मामिला एवं सामान्य प्रशासन मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोवार तथा खाता सञ्चालन सम्वन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ वमोजिम गाउँपालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा पालिकाको नाममा रहेको पेश्की तथा वेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा वेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा पालिकामा समाहित भएका साविकका विषयगत कार्यालयको वेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ।		
२०	**सञ्चित कोष-** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धि आदेश, २०७४ को दफा ६३ अनुसार नगरपालिकाको स्थानीय सञ्चित कोषसंग आवद्ध हुने गरी वडामा एक खर्च खाता रहने तथा चालु आर्थिक वर्षको अन्त्यमा वडाको खर्च खातामा रहेको सवै वाँकी रकम सम्वन्धित स्थानिय तहको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेता पनि वडाहरुले यस वर्ष खाता संचालन गरेको देखिएन।		
२१	**स्रोत नक्सांकन-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ वमोजिम प्रत्येक गाउँपालिका र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन।		
२२	**पेश्की-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ अनुसार पेश्की फछ्र्यौट हुनुपर्दछ । समयमा पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत असूल गर्ने व्यवस्था छ। निम्न व्यक्तिको नाममा पेश्की वाकी देखिएकोले नियमानुसार असुल फछ्र्यौट हुनु पर्ने रु..... सि.नं. — नाम — रकम १. — मोहम्मद शमसाद आलम — ८,०००/-	८४००/-	

Scanned by CamScanner

दफा नं.	भौ.नं., मिति र व्यहोरा					वेरुजू रकम	फछर्यौटको विवरण
		२.	टोपलाल घर्ति	४००/-			
			जम्मा	८,४००/-			
२४	**लक्षित समूह खर्च-** स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा नं १२ (७) अनुसार लक्षित समुहको मागको आधारमा लक्षित समूहको पूजी निर्माण, सेवा प्रवाहमा गुणस्तरीय सुधार, क्षमता विकासको मापन गर्न सकिने ठोस कार्यक्रम र आयोजनामा मात्र रकम विनियोजन र खर्च गर्न सकिने व्यवस्था छ। पालीकाले यस किसिमको कार्यक्रममा रु.४७,५५,०००।- खर्च गरेको देखिएकोले सो को प्रभावकारी अनुगमन हुनु पर्ने देखिन्छ।						
२५	**वातावरणीय प्रभाव-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा नगरपालिका क्षेत्रमा स्थल, जल, वायू तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ। पालिकाले यो वर्ष वातावरण संरक्षण, नगर र नदी सफाइ कार्यक्रम चलाएको विवरण पेश गरेकोमा वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन।						
२६	**सामाजिक सुरक्षा-** संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पंस. ०७४।०७५, चं नं. १०६४ मिति ०७५।३।३१ पत्रानुसार शसर्त अनुदानको रकम मध्ये खर्च नभई वाँकी रहेमा संघिय संञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ।स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २२(६) मा नेपाल सरकारवाट प्राप्त रकम खर्च नभई वाँकी रहेमा फ्रिज गर्ने प्रयोजनका लागि सम्वन्धित निकायमा फिर्ता पठाउनुपर्ने उल्लेख छ। पालिकाको कार्यालयले यो वर्ष सामाजिक सुरक्षा भत्ता अर्न्तगत पहिलो किस्ता रु.२,१३,३२,४००।– दोस्रो रु.२,१४,१६,४००।- र तेश्रो किस्ता रु.२,०१,७९,४००।- समेत कुल रु.६,२९,२८,२००।- निकासा भएको छ।						
२७	**व्यवसाय कर-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा नगरपालीकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिवाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ। पालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा केहि व्यवसायीहरुको लगत राखेको भएतापनि उक्त लगत अद्यावधिक नभएको तथा लगतमा भएका सम्पुर्ण व्यवसायीहरुवाट कर रकम संकलन गरेको पाईएन।						
२८	**सवारी कर-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा गाउँपालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए वमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सवै प्रकारको सवारीमा तोकिए वमोजिम सवारी कर उठाउने उल्लेख छ। गाउँपालिकाले सवारीहरुको दर्ता एवं नविकरणवाट कुनै रकम असुल गरेको छैन। गाउँपालिकाले विगतका वर्षहरुमा यातायात व्यवस्था कार्यालय सगं समन्वय गरि हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखि कर असूलिलाई प्रभावकारी वनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ।						

Scanned by CamScanner

छत्रदेवगाउँपालिकाको कार्यालय, अर्घाखाँची, आर्थिक वर्ष:२०७४।७५

दफा नं.	भौ.नं., मिति र व्यहोरा	वेरुजू रकम	फछर्योटको विवरण
२९	**मनोरञ्जन कर-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदशर्न हल, संगित थियटर मनोरञ्जन प्रर्दशन स्थल ऐतिहासिक स्थलको प्रवेश शूल्कमा तोकिए वमोजिम कर लिनूपर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७४।७५ मा कूनैपनि कर संकलन गरेको पाईएन । यसमा पालिकाको क्षेत्रभित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरि असुल गर्नुपर्दछ ।		
३०	**आनुपातिक कट्टी-** सार्वजनिक खरिद नियमावली, २०६४को नियम ९७ (४) मा उपभोक्ता समितिको योगदानभन्दा कम काम सम्पन्न भई रनिङ्ग विल र मूल्याङ्कन प्रतिवेदन प्राप्त भएकोमा सोही अनुरुप स्थानीय निकायवाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समितिसगं भएको कामको विवरण पेश भएको साथै अनुपातिक कट्टी गरेतापनि सोको विवरण पेश हुन आएन ।		
३१	**सेवा करार-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९५ (३) मा कार्यालय सुरक्षा, चिट्ठीपत्र ओसार पसार, सरसफाई, टेलिफोन, विद्युत र धारा सञ्चालन र रेखदेख लगायतका सार्वजनिक निकायको दैनिक कार्य सञ्चालन गर्न अत्यावश्यक पर्ने सेवा करार लिनुपर्दा कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीसंग करार गरी त्यस्तो सेवा करारमा लिन सक्ने व्यवस्था छ । त्यस्तै नियम ३ मा पाँच लाख रुपैयाँभन्दा वढी शुल्क लाग्ने सेवाको करार गर्नु पर्दा पन्ध्र दिनको सूचना राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशन गरी प्रक्रियावमोजिम करार सेवा लिनुपर्ने व्यवस्था छ । पालिकाले साविक गा.वि.स.तथा पालीकाबाट निरन्तर रही आएका कर्मचारीलाई रु.१९,८२,०७३।- भुक्तानी गरेको छ ।		
३२	**योजना र कार्यान्वयन-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना वनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयारगरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । गाउँपालिकाले आफ्नो क्षेत्रको एकीकृत विकास योजना तर्जमा गर्न गुरुयोजना तयार गर्नुपर्नेमा सो गरेको पाइएन ।		
३३	**सवारी साधन खरिद-** अर्थ मन्त्रालयको स्वीकृत लिई सवारी साधन खरिद गर्नु पर्नेमा गाउँपालिकाले उक्त स्वीकृति वेगर यस वर्ष ८ वटा मोटरसाइकल आन्तरिक श्रोतवाट खरीद गरि रु.१९,९४,२००।- भुक्तानी खर्च लेखेको छ ।		
३४	मुल्य अभिवृद्धि कर : मुल्य अभिवृद्धि कर ऐन ,२०५२ को दफा १४(१) मा प्रत्येक दर्ता भएको व्यक्तिले तोकिए वमोजिमको अवस्थामा वाहेक कुनै वस्तु वा सेवा आपुर्ति गर्दा प्रापकलाई विजक दिनुपर्ने उल्लेख छ । स्थानिय शासन तथा सामुदायिक विकास कार्यक्रम अन्तर्गत सेवा परामर्श कार्यक्रमको लागि साविक जिल्ला विकास समितिको कार्यालय र समाजसेवा तथा सृजनशिल केन्द्रसँग सम्झौता भई रु. १,००,०००/- को १३ प्रतिशतले		

९ dm

Scanned by CamScanner

दफा नं.	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम	फछ्र्यौटको विवरण
	मु.अ.कर भुक्तानी भएकोमा उक्त फर्म Non filer देखिएकोले उक्त रकमको कर समायोजन प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु...	१३०००/-	
	बेरुजू तथा सम्परीक्षण- आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १९ मा लेखापरीक्षणबाट औंल्याइएको बेरुजूको सम्बन्धमा सम्बन्धित कार्यालयले तोकिए बमोजिम फछ्र्यौट गरी सम्परीक्षण गराउनु पर्ने व्यवस्था छ । कार्यालयको गत विगतदेखि हालसम्मको कुल बेरुजू कति हो विवरण पेश भएन । सम्परीक्षणको लागि अनुरोध भएको छैन । बांकी रहेको बेरुजू असुल फछ्र्यौटको कारवाही गर्नुपर्ने देखियो ।		

Scanned by CamScanner